# घोराही उपमहानगरपालिका

## लैंगिक हिंशा नियन्त्रीत उपमहानगर घोषणाका चरणहरु :

१. स्थानीयस्तरमा रहेका सबै साझेदार संस्थाहरुलाई लैंगिक हिंशा नियन्त्रण सम्बन्धि अभिमुखीकरण गरी यस पद्धतिको अवलम्वन गर्न सामूहिक प्रतिवद्धता जाहेर गर्ने ।

२. लैंगिक हिंशा नियन्त्रण सम्बन्धि कार्यक्रम प्रवर्द्धनका लागि व्यहारिक र नतिजामुखी कार्ययोजना तयार गरी लागू गर्ने ।

३. लैंगिक हिंशा नियन्त्रित नगर निर्माणका लागि नगर कार्यपालिकाको बैठकले निर्णय गर्ने ।

४. लैंगिक हिंशा नियन्त्रण सम्बन्धी नीति, रणनीति र आचारसंहिता निर्माण गर्ने ।

५. वडा र नगर तहमा लैंगिक हिंशा नियन्त्रण समिति गठन गर्ने ।

६. नगरपालिका र वडा तहमा सम्पर्क शाखा वा इकाईको प्रबन्ध गरी सम्पर्क व्यक्ती तोक्ने ।

८. सूचक र मापदण्डका आधारमा लैंगिक हिंशा नियन्त्रित घोषणाका लागि वडा छनौट गर्ने ।

९. लैंगिक हिंशा नियन्त्रित न्यूतमक सूचक निर्धारण गर्ने ।

१०. लैंगिक हिंशा निवारण कोष स्थापना गर्ने ।

. ११. लैंगिक हिंशाको स्थितीपत्र, लगानी योजना र घोषणापछिको रणनीति तयार गरेको हुनुपर्ने ।

१२. सरोकारवालाहरुको पहिचान, समन्वय र सञ्जाल निर्माण गर्ने ।

१३. अनुगमन, समिक्षा र मुल्यांकन गर्ने ।

१४. लैंगिक हिंशा नियन्त्रित घोषणा र निरन्तरता ।

## <u>लैंगिक हिंशा नियन्त्रित उपमहानगर घोषणाका लागि सूचकहरु :</u>

### आधारभूत सूचकहरु :

१. व्यक्ती, घरपरिवार र समाजमा लिंगका आधारमा विभेद, वेवास्था, हेला, दुर्व्यवहार तथा कुनै प्रकारका हिंशा भएको हुनेछैन ।

२. घरपरिवार, समाज र कार्यस्थलमा महिलाबिरुद्ध धार्मिक, सामाजिक, साँस्कृतिक, परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसीक, आर्थिक, यौनजन्य, मनोवैज्ञानिक या अन्य कुनै प्रकारको हिंशाजन्य कार्य वा शोषण गरिने छैन ।

३. घरपरिवार र समाजमा शिक्षा, स्वास्थ्य लगाएतका आधारभूत सेवामा लैंगिक विभेद् भएको हुनेछैन ।

४. व्यक्ती, परिवार र समुदायले लैंगिक हिंशा प्रभावितलाई कानूनी उपचारका लागि प्रोत्साहन गरेका हुनेछन् ।

५. समुदाय र वडा स्तरमा महिला तथा किशोरीलाई यौन तथा प्रजनन् स्वास्थ्य, परिवार नियोजन र पोषण लगायतका सेवा तथा सुचनाहरु प्रदान गरिएको हुनेछ ।

६. लैंगिक हिंशाबाट पिडितको घरपरिवार र समाजमा उचित पुनर्स्थापनाको व्यवस्था भएको हुनेछ ।

७. बलपूर्वक गर्भधारण, जर्वजस्ती गर्भपतन, लिंग पहिचान गरी गर्भपतन र गर्भावस्थामा उपेक्षा गर्ने कार्यमा कमी आएको हुनेछ ।

८. छुवाछुत, दाइजो, मानव बेचबिखन, गैरकानूनी ओसारपसार, बालश्रम, बालविवाह, बहुविवाह, अनमेल विवाह, जर्वजस्ती विवाह लगाएतका सामाजिक कुरीति र अन्धबिश्वासमा कमी आएको हुनेछ ।

९. समान कामको समान ज्याला निर्धारण गरी लागू भएको हुनेछ ।

१०. मुक्त कमलरीको उचित पुनर्स्थापना भएको हुनेछ ।

११. नगरका सबै संरचनाका निर्णय प्रक्रियामा महिलाका आवाजहरु समेटिएको हुनेछ ।

१२. बार्षिक, आबधिक र दिर्घकालिन योजना तर्जुमा गर्दा लैंगिक हिंशा नियन्त्रण र महिलालाई प्रत्यक्ष लाभ हुने खालका योजना निर्माण, बजेट विनियोजन र कार्यान्वयन गरेको हुनेछ ।

१३. बालक्लव, बाल सञ्जाल, किशोरी समूह, किशोरी सञ्जाल, युवा क्लव, युवा सञ्जाल, एकल महिला संजाल, टोल विकास संस्था र सामुदायीक संस्थाहरु नियमित बैठक बसी लैंगिक हिंशाबिरुद्ध क्रियाशिल भएका हुनेछन् ।

१४. हरेक तहमा महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेद्का आधारमा अवसर प्रदान गरिएको हुनेछ ।

१५. असहाय अबस्थामा रहेका हिंशा प्रभावित महिलालाई सिप, क्षमता प्रदान गरी जिविकोपार्जनको व्यवस्था गरिएको हुनेछ ।

१६. स्वास्थ्य संस्थाहरुले लिंग पहिचान गरी गर्भपतन गर्ने कार्यलाई दुरुत्साहन गरेका हुनेछन् ।

१७. बिद्यालयमा बालमैत्री र दण्डरहित शिक्षण भएको हुनेछ ।

१८. बिद्यालयहरुमा लैंगिक हिंशा बिरुद्धका अतिरिक्त कक्षाहरु सञ्चालन भएका हुनेछन् ।

१९. बिद्यालयहरुमा लैंगिक संवेदनशीलतालाई असर गर्ने क्रियाकलापहरुको नियमित अनुगमन गरी व्यवहार परिवर्तन भएको हुनेछ ।

२०. सञ्चार माध्यमहरुबाट लैंगिक हिंशा नियन्त्रणका अभियानहरुलाई महत्वका साथ प्रचारप्रसार गरिएको हुनेछ ।

२१. लैंगिक हिंशा दुरुत्साहन हुने खालका सामग्री प्रकाशन, प्रसारण नगरी सञ्चार माध्यमले आचारसंहिता र लैंगिक उत्तरदायी सञ्चार निर्देशिकाको पालना गरेका हुनेछन् ।

**संस्थागत सूचकहरु :**

१. नगर र सवै वडाहरुमा लैङ्गिक हिंसा नियन्त्रण समित गठन भई क्रियाशील भएका हुनेछन् ।

२. नगर, वडा, बिद्यालय र स्वास्थ्य संस्थामा लैंगिक हिंशा नियन्त्रण सम्बन्धी संस्थागत संरचना बनाई लैंगिक हिंशा बिरुद्धका गतिबिधि प्रवर्द्धन गरिएको हुनेछ ।

३. सार्वजनिक सेवा प्रवाहका संस्था तथा कार्यालयहरुले लैंगिक हिंशा नियन्त्रणका लागि आचारसंहिता तयार गरी लागू गरेका हुनेछन् ।

४. न्यायीक समितिमा लैंगिक हिंशाका विवाद्लाई प्राथमिकता दिई यथाशिघ्र फछ्र्योट गरिएको हुनेछ ।

५. लैंगिक हिंशा प्रभावितलाई तत्काल उद्धार गरी अल्पकालीन आश्रय स्थल (सेफ हावस) मा संरक्षण गरी मनोबिमर्श सेवा प्रदान गरिएको हुनेछ ।

६. नेपाल प्रहरीको महिला तथा बालबालिका इकाईमा लैंगिक हिंशाका उजुरीलाई प्राथमिकता दिई यथाशिघ्र प्रभावितको सुरक्षा र न्यायमा पहुँच बृद्धि गरिएको हुनेछ ।

७. उपमहानगरपालिकाले स्थानीय लैंगिक तथा सामाजिक समावेशीकरण नीति तयार गरी कार्यान्वयनमा ल्याएको हुनेछ ।

८. उपमहानगरपालिकामा लैंगिक हिंशा निवारण कोष स्थापना गरिएको हुनेछ ।

९. लैंगिक हिंसाका घटनाहरुको उजुरी लिने, व्यवस्थापन गर्ने, सुनुवाई गर्ने तथा सिफारिश गर्ने स्थानीय संयन्त्रहरु वडादेखि नगर तहसम्म क्रियाशिल रहेका हुनेछन् ।

१०. लैंगिक हिंशाका घटना प्रभावितलाई सिफारिश प्रणाली अवलम्वन गरी आबश्यक सेवा प्रदान गरिएको हुनेछ ।